नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग

# कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय

हरिहरभवन, ललितपुर

## सूचना

(गोरखापत्रमा प्रकाशित मिति २०७२/११/३)

१) यस निर्देशनालयको आ.व. २०७२/७३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कृषि सहकारी संघ संस्थाहरुलाई कृषि उद्यम स्थापना, बजारिकरण र कृषिमा आधारित पहिलो तहको प्रशोधन उद्योग स्थापना र बिस्तार गर्नका लागि अत्यावश्यक चालु तथा पूँजिगत सामाग्री खरिद एवं निर्माणमा प्रदान गरिने अनुदान कृषि उपजबाट प्रथम तहको प्रशोधन उद्योग स्थापना (निर्माण तथा मेसिन जडान) वा विस्तार, कृषि उपज बिक्री कक्ष वा बजार केन्द्र निर्माण र बिस्तार, गोदाम घर निर्माण, कृषि उपज ढुवानी साधन खरिद र कृषि उपज खरिद बिक्रीमा आवश्यक ढक, तराजु, डिजिटल ब्यालेन्स, क्रेट्स, ग्रेडिङ्ग मेसिन, ब्रान्डिङ्ग, प्याकिङ, प्याकेजिङ्ग सामग्री (बोरा बाहेक) र र्‍याक मध्ये एक वा एक भन्दा बढी सामग्री निर्माण/खरिद, गर्न अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले कृषि सहकारी संस्थालाई कृषि उपज खरिद बिक्रिका लागि अनुदान वितरण कार्यविधि, २०७२ मा व्यवस्था भएनुसार अनुदान प्राप्त गर्न निम्न बमोजिमको योग्यता पुगेका सहकारी संस्थाहरुले सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस निर्देशनालय वा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा निवेदन पेश गर्न सूचित गरिन्छ ।

**सहकारी संस्थाको योग्यता**

(क) सहकारी संस्था स्थापना भएको कम्तिमा एक आर्थिक वर्ष पूरा भएको
(ख) सहकारी संस्थाको स्थापना कृषकहरुद्धारा कृषि सहकारी वा बहुद्देस्यीय रुपमा स्थापना भएको
(ग) संस्थाले कृषि उत्पादनको बेचबिखन गर्ने कार्यक्रम रहेको
(घ) संस्थाको प्रत्येक आ.व.को आय व्ययको लेखापरिक्षण भएको
(ङ) संस्थाबाट कृषि क्षेत्रमा सेवा प्रवाह गर्दै आएको
(च) संस्थाको नियमित वार्षिक साधारण सभा सम्पन्न गरेको
(छ) कर कार्यालयबाट आ.ब.२०७१/७२ सम्मको कर चुक्ता प्रमाणपत्र लिएको
(ज) सहकारी दर्ता गर्ने संस्थावाट कुनै कारबाहीमा नपरेको वा कालो सूचीमा नरहेको भन्ने पत्र लिएको

२) आवेदक कृषि सहकारी संस्थाले उपरोक्त १ (क) देखि (ज) सम्मको प्रमाणका साथै प्रस्तावित कामको लागत रकमको कम्तीमा ३०%बैंक ब्यालेन्स, आय व्यय एवं मुनाफा, भौतिक सम्पत्तिको प्रमाण कृषकहरु मिली सहकारी संस्था बनेको भन्ने सम्बन्धीत जि.कृ.वि.का. वा कृषि सेवा केन्द्रको पत्र र अन्य निकायबाट हालसम्म अनुदान नलिएको भन्ने संस्थाको स्वघोषित पत्रको साथै कृषि सहकारी खेती व्यावसायिकरण अनुदान संबन्धी कार्यविधी २०७२ अनुसार आबस्यक प्रमाणहरु पेश गर्नु पर्ने छ ।

३) दर्ता हुन आएका निवेदनहरु सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले आवश्यक मूल्याङ्कनको लागि म्याद समाप्त भएको मितिले सात दिन भित्र यस निर्देशनालयमा आइपुग्ने गरि छिटो साधनद्वारा पठाउनु पर्नेछ ।

४) प्राप्त आवेदनहरुको स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा सुरक्षित रहने छ ।

५) अन्य बिस्तृत जानकारीका लागि यस निर्देशनालयको वेभसाईट WWW.agribiz.gov.np बाट जानकारी लिनसक्नु हुनेछ